सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक २०८ ♦ २०८२ साल चैत्र २१ शनिवार ♦ 4 April 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## धनुषाका ४५ केन्द्रमा एसइई उत्तरपुस्तिका परीक्षण



**खबर दर्पण समाचारदाता**

**चैत्र २० गते, बर्दिवास**

शिक्षा विकास तथा समन्वय एकाइ धनुषाले माध्यमिक शिक्षा परीक्षा (एसइई) को उत्तर पुस्तिका परीक्षण कार्यलाई तीव्र रूपमा अगाडि बढाएको छ । जिल्लाका ४५ वटा केन्द्रमार्फत उत्तरपुस्तिका जाँच भइरहेको एकाइ प्रमुख चेतकुमार पोखरेलले जानकारी दिनुभयो । सरकारले यस वर्षदेखि एसइईको नतिजा एक महिनाभित्रै सार्वजनिक गर्ने निर्णय गरेसँगै परीक्षा सकिएलगत्तै उत्तरपुस्तिका परीक्षणको प्रक्रिया थालिएको हो । एकाइ प्रमुख पोखरेलले भन्नुभयो, “समयमै नतिजा प्रकाशन गर्ने लक्ष्यअनुसार सबै केन्द्रमा परीक्षण कार्य सुरु भइसकेको छ । जिल्लाभरका ४५ केन्द्रबाट सङ्कलित उत्तर पुस्तिका सुरक्षित रूपमा राखेर जाँच भइरहेको छ ।”

उत्तरपुस्तिका परीक्षण कार्यलाई व्यवस्थित र विश्वसनीय बनाउन सुरक्षा व्यवस्था कडा पारिएको छ । यस कार्यमा माध्यमिक तहमा अध्यापन गराउँदै आएका अनुभवी एवं विषयगत करिब दुई सयभन्दा बढी शिक्षक खटिएका छन् ।

उत्तरपुस्तिका परीक्षण भइरहेका अधिकांश केन्द्रमा सीसीटीभी क्यामरा जडान गरिएको छ । केही केन्द्रमा क्यामरा जडान गर्न बाँकी रहेको र त्यसका लागि सम्बन्धित स्थानीय तहसँग समन्वय भइरहेको एकाइ प्रमुख पोखरेलले बताउनुभयो । उहाँका अनुसार जिल्लाभर शान्तपूर्वक परीक्षा सम्पन्न भएको छ र अबको लक्ष्य समयसीमाभित्रै उत्तरपुस्तिका परीक्षण कार्य सक्नु रहेको छ ।

## घुससहित सशस्त्रका प्रहरी निरीक्षक पक्राउ



**खबर दर्पण समाचारदाता**

**चैत्र २० गते, बर्दिवास**

धनुषाको मिथिला नगरपालिका-१०, लालगढबाट ४० हजार रुपियाँ घुस रकमसहित सशस्त्र प्रहरी बलका एक प्रहरी निरीक्षकलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पक्राउ गरेका छन् ।

शुक्रबार शसस्त्र प्रहरी बल नकटाझिज धनुषामा कार्यरत प्रहरी निरीक्षक वकिल अधिकारीलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग बर्दिबासको टोलीले पक्राउ गरेका हुन् ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग बर्दिबासका सूचना अधिकारी प्रकाश पोखरेलले कमला-ढल्केवर-बागमती सडक निर्माण खण्डअन्तर्गत माटो तथा ग्राभेल फिलिङ कार्य गरिरहेका एक ठेकेदारसँग ४० हजार रुपियाँ घुस रकम लिइरहेको अवस्थामा प्रहरी निरीक्षक अधिकारीलाई नियन्त्रणमा लिइएको बताउनुभयो ।

ठेकेदारसँग अनधिकृत रकम माग गरेको सूचनाका आधार मा अख्तियारको टोलीले पक्राउ गरेको उहाँले जानकारी दिनुभयो । पक्राउ परेका शसस्त्र प्रहरी निरीक्षक अधिकारीमाथि थप अनुसन्धान भइरहेको सूचना अधिकारी पोखरेलले जानकारी दिनुभयो ।

## सभामुखमा डीपी अर्याल निर्विरोध निर्वाचित



**खबर दर्पण समाचारदाता**

**चैत्र २० गते, बर्दिवास**

प्रधानमन्त्री बालेनको प्रेस तथा अनुसन्धान विज्ञमा दिपा दाहाल नियुक्त

प्रधानमन्त्री बालेन्द्र शाहको प्रेस तथा अनुसन्धान विज्ञ पदमा दीपा दाहाल नियुक्त भएका छन् ।

प्रधानमन्त्रीको सल्लाहकार र सचिवालय व्यवस्थापन कार्यविधि, २०७४ बमोजिम उक्त पदमा उनी शुक्रबार नियुक्त भएकी हुन् । खोजपत्रकार, लेखक एवं प्राध्यापक दुई दशकभन्दा लामो समयदेखि पत्रकारिता र प्राज्ञिक क्षेत्रमा सक्रिय दाहालले आजैदेखि आफ्नो कार्यभार सम्हालेकी छन् ।

प्रधानमन्त्रीको निजी सचिवालयका अनुसार दाहालले प्रधानमन्त्री शाहको सञ्चार रणनीति, अनुसन्धान र मिडिया व्यवस्थापनमा भूमिका निर्वाह गर्नेछिन् ।

दाहालसँग रेडियो, टेलिभिजन, छापा र अनलाइन गरी पत्रकारिताका सबै विधामा २० वर्षभन्दा बढीको व्यावसायिक अनुभव छ । उनले पछिल्लो समय उकालो डटकममा वरिष्ठ संवाददाताका रूपमा कार्य गर्दै आएकी थिइन् ।

## बर्दिवास उद्योग वाणिज्य संघ

### निर्वाचन समितिको कार्यालय

बर्दिवास, महोत्तरी

### नवीकरण तथा निर्वाचन सम्बन्धी सूचना

उपरोक्त सम्बन्धमा यस बर्दिवास उद्योग वाणिज्य संघको मिति २०८२ साल चैत १७ गतेको निर्णयानुसार गठन भएको समितिले दिएको प्रतिवेदन, निर्वाचन समितिको पदाधिकारी तथा उम्मेदवारहरु बीच सर्वसम्मत भएको निर्णयानुसार यस संघका पूराना सम्पूर्ण सदस्यहरूलाई (नवीकरण छुट भएका तथा नवीकरण नगराउनु भएका दुवै) सदस्यहरूलाई आ आफनो स्थायी लेखा नम्बरको प्रमाणपत्र लिई स्वयम् उपस्थित भई यही मिति २०८२/१२/२० गते देखि २०८२/१२/२२ गते सम्म विहान ८:०० बजे देखि साँझ ५ बजे सम्म यस संघको कार्यालयमा आई सदस्यता नवीकरण गरीदिनु हुन सम्पूर्ण सदस्यज्यूहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

यस संघबाट प्रकाशित भएको सूचना बमोजिम नवीकरण छुट हुन गएमा सदस्य स्वयम् जिम्मेवार रहने व्यहोरा सबैमा जानकारी गराइन्छ ।

*अतः यस संघको पूर्व निर्धारित तालिका अनुसार नै यही मिति २०८२/१२/२४ गते निर्वाचन हुने व्यहोरा सबैमा जानकारी गराउँदछौं ।*

| स.निर्वाचन अधिकृत | स.निर्वाचन अधिकृत | मुख्य निर्वाचन अधिकृत |
|---|---|---|
| राम कुमार कार्की | सन्तोष कुमार सिग्देल | विष्णु बहादुर कार्की |

# मटिहानीका विजय कुमार साहले उद्योग वाणिज्य महासंघ मधेश प्रदेश अध्यक्षमा उम्मेदवारी दर्ता




**खबर दर्पण समाचारदाता**
**चैत्र २० गते, बर्दिवास**

महोत्तरीको मटिहानी नगर पालिका-८ निवासी विजय कुमार साहले नेपाल उद्योग वाणिज्य महासंघ, मधेश प्रदेशको अध्यक्ष पदमा उम्मेदवारी दर्ता गरेका छन्।साहले यही चैत्र २४ गते हुने महासंघको निर्वाचनका लागि उम्मेदवारी दर्ता गर्दै उद्योगी, व्यवसायी र व्यापारी वर्गको हितमा आफ्नो प्राथमिकता केन्द्रित रहेको बताएका छन्। उहाँले भने, "उद्योगी व्यवसायी र व्यापारीहरूको उत्थान, समृद्धि एवं सुरक्षाका क्षेत्रमा काम गर्नु नै मेरो मुख्य लक्ष्य हो।"

उद्योगी तथा व्यापारीहरूको प्रतिनिधित्व गर्दै विजय कुमार साहले प्रदेशस्तरीय चुनौतीहरूको समाधानमा सक्रिय भूमिका निर्वाह गर्ने वाचा पनि गरेका छन्।निर्वाचनमा मधेश प्रदेशका आठवटै जिल्लाका उद्योग वाणिज्य संघका १८ अध्यक्ष र एसोसिएट संस्थाका ३८ सदस्य गरी कुल ५६ मतदाता रहनेछन्। यस निर्वाचनले प्रदेशको उद्योग तथा व्यापार क्षेत्रको नेतृत्व चयन गर्नेछ।

विजय कुमार साह नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य (वि.सं. २०७७-७९) तथा महोत्तरी उद्योग वाणिज्य संघका अध्यक्ष (वि.सं. २०६३-२०७१) रहेका छन्। दुई कार्यकालको अनुभवसहित उहाँ उद्योग क्षेत्रमा लामो समयदेखि सक्रिय रहँदै आएका व्यक्तित्व हुन्। यो अनुभवले प्रदेशस्तरीय नेतृत्वमा थप प्रभावकारी योगदान दिने अपेक्षा गरिएको छ।

निर्वाचन चैत्र २४ गते हुने भएकाले उम्मेदवारहरूबीच प्रतिस्पर्धा तीव्र बनेको छ। उद्योगी तथा व्यापारी वर्गले यस निर्वाचनलाई प्रदेशको आर्थिक विकासको महत्वपूर्ण अवसरको रूपमा लिएका छन्।



# गौशाला : छाप्रो हटाउँदै उमेश किराना पसलले देखायो उदाहरण



**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**
**चैत्र २० गते, महोत्तरी**

गौशाला नगरपालिका-५ स्थित गौशाला बजारमा भोलि शनिबारदेखि बजार व्यवस्थापन, सरसफाइ तथा अतिक्रमित पसल हटाउने अभियान सुरु हुने भएको छ।

वडा कार्यालयले बजार क्षेत्रमा व्यवस्थित सरसफाइ कार्य सम्पन्न गर्न, अव्यवस्थित संरचना हटाउन र अतिक्रमित पसल नियन्त्रणमा ल्याउन तीन दिनभित्र काम सम्पन्न गर्न निर्देशन दिएको छ। तोकिएको समयभित्र काम नगर्ने व्यवसायी वा पसल सञ्चालकविरुद्ध आवश्यक कारबाही गरिने जनाइएको छ।

यसैक्रममा उमेश किराना पसलका सञ्चालक मनिष साहले आफ्नो पसल अगाडिको छाप्रो हटाउने काम सुरु गरेका छन्। उनले भने, "भोलि शनिबार देखि बजार व्यवस्थापन र अतिक्रमित पसल हटाउने अभियान सुरु हुने जानकारी पाएपछि मैले तुरुन्तै काम सुरु गरेको छु। बाँकी सरसफाइको काम पनि तोकिएको समयसीमाभित्र सम्पन्न गर्ने तयारीमा छु। सुन्दर र व्यवस्थित गौशाला बनाउनु हाम्रो साझा दायित्व हो, यसका लागि हामी सबै व्यवसायीको सहभागिता अनिवार्य छ। बजारलाई व्यवस्थित र आकर्षक बनाउनु हाम्रो दायित्व हो, बाहिरबाट कोही आएर बनाउने होइन, हामी आफैंले बनाउनु पर्छ।"

गौशाला नगर सञ्जालका अध्यक्ष भरत महतो कोईरीले अभियान सफल बनाउन सबै व्यवसायी र स्थानीयवासीको सक्रिय सहभागिता आवश्यक रहेको बताए। "बजारलाई सफा, व्यवस्थित र आकर्षक बनाउन सबैको योगदान अनिवार्य छ," उनले भने।

गौशाला नगरपालिका-५ का वडा अध्यक्ष ओम प्रकाश गुप्ताले भने, "भोलि शनिबारदेखि बजारमा सरसफाइ र अतिक्रमित संरचना हटाउने काम प्रारम्भ हुनेछ। निर्धारित समयसीमा भित्र काम नगर्नेहरूका विरुद्ध कडाइका साथ कारबाही गरिनेछ।"

नगर प्रमुख डा. दिपेन्द्र महतोले अभियानलाई नगरको समग्र विकाससँग जोडिएको पहलको रूपमा उल्लेख गर्दै सबैको सक्रिय सहभागिता आवश्यक रहेको बताए। "स्वच्छ, व्यवस्थित र आकर्षक बजार निर्माण नगर पालिकाको प्राथमिकता हो। अतिक्रमण हटाउन आवश्यक कदम चालिनेछ," उनले भने।गौशाला नगरपालिका र वडा कार्यालयको संयुक्त पहलमा सुरु गरिएको उक्त अभियानले बजार क्षेत्रलाई व्यवस्थित, सफा र आकर्षक बनाउने अपेक्षा गरिएको छ।

नियमित अनुगमनमार्फत अभियानको प्रभावकारिता सुनिश्चित गरिने पनि जनाइएको छ।



# आवश्यक टेलिफोन नम्बरहरू

## जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फयुज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

## बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

## ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

## जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

## महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाभिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# ७५१ दिनदेखि छोराको शव कुरिरहेकी सोमशिला

**खबर दर्पण समाचारदाता**

**चैत्र २० गते, बर्दिवास**



पक्की घरहरूका बीचमा बाँसले घेरिएको घर छ । ३.५ धुरमा बनेको त्यही घरको आँगनमा ५० वर्षीया सोमशिला देवी साह टोलाएर बसिरहेकी छन् । घरमा को आउँछन्–जान्छन्, उनलाई खासै पर्वाह छैन । ५२ वर्षीय श्रीमान् वीरेन्द्र साह भन्छन्, 'सोमशिला कसैसँग बोल्न मन गर्दिनन् । उनको मन नहाँसेको दुई वर्ष नाघिसक्यो । खानामा कुनै रुचि छैन । रातभरि सुत्न सक्तिन । शरीर गलेर कमजोर हुँदै गएको छ । डाक्टर लाई जँचाउँदा कुनै रोग देखिँदैन ।'

रामगोपालपुर–७ ससौला, महोत्तरीकी सोमशिला पहिले यस्ती थिइनन् । जब साउदी अरबमा रहेको छोरा बितेको खबर आयो, त्यसले उनमा ठूलो चोट पर्‍यो । बितिसकेको अवस्थामै भए पनि छोराको अनुहार एक पटक हेरेर मन बुझाउने मौका पनि उनले पाइनन् । सोमशिलाको हाउभाउ बदलिँदै गयो ।

'छोराको शव नआउँदा हामी पनि चिन्तामै छौं,' वीरेन्द्रले सुनाए । बाँसले घेरिएको घर भत्काएर पक्की घर बनाउने सपना बोकेर २१ वर्षीय सुनील ७ अप्रिल २०२२ मा 'फ्रन्टलाइन रिक्रुटमेन्ट प्रालि' मार्फत साउदी उडेका थिए । साउदीको राजधानी रियादबाट दक्षिणपूर्वस्थित अल–खार्ज औद्योगिक क्षेत्रस्थित बुन्यान इन्डस्ट्रियल कम्पनी लिमिटेडमा उनी श्रम गर्थे । एक हजार रियाल तलब पाउँथे । कम्पनीसँग गरिएको करार अवधि समाप्त हुनु ठीक एक महिना अगाडि ११ मार्च २०२४ (२८ फागुन २०८०) मा काम गरिरहेका बेला सुनील आगलागीमा परे र ज्यान गयो ।

घटना भएको दुई वर्ष बितिसक्दा पनि सुनीलको शव आइपुगेको छैन । शव कहिले आइपुग्छ भन्ने अनुमान लगाउन सक्ने अवस्था पनि छैन । 'मैले माग्ने छोराको सास हो । तर यो हुन सक्दैन । शव आए अन्तिम संस्कार गर्न पाइन्थ्यो,' सोमशिलाले भनिन् । वीरेन्द्र र सोमशिलाका पाँच सन्तानमध्ये सुनील जेठो छोरा थिए । जेठी छोरीको विवाह भइसकेको छ । दुई छोरी र कान्छा छोरा पढिरहेका छन् ।

सुनीलले गाउँमै कक्षा १२ सम्म अध्ययन गरेका थिए । परिवारले सयकडा तीन रुपैयाँ ब्याज दिने गरी २ लाख ऋण लिएर उनलाई साउदी पठाएको थियो । उता पुगेपछि सुनीलले महिनाको ३०/४० हजार रुपैयाँ घर पठाइरहेका पनि थिए । सुनीलको मृत्यु भएको खबर अचानक आएदेखि सोमशिलाले आँसु नबगाएको दिन छैन ।

सुनीलले 'भिडियो कल' मा कुरा गर्न भनेर साउदीबाट पठाइदिएको मोबाइल फोन उनको साथमा छ । मोबाइलमा छोराको फोन आउँछ कि जस्तो उनलाई लागिरहन्छ । तर त्यसमा साउदीको राजधानी रियादस्थित नेपाली दूतावासबाट बेला–बेला भिडियो कल आउँछ अनि छोराको शव पठाउने कुरा कहाँ पुग्यो भनेर खबर सुनाइन्छ । सुनील बितेपछि वीरेन्द्रले मजदुरी गरेर परिवार पालिरहेका छन् ।

'सुनील आगलागीमा नपरेको भए मैले मजदुरी गर्नु पर्दैनथ्यो,' उनी भन्छन्, 'विदेशबाट छोराले कमाएर पठाएको पैसाले घर खर्च चल्थ्यो ।' सुनीलको मृत्यु हुनु दुई दिन अगाडि वीरेन्द्रसँग अन्तिम संवाद भएको थियो । 'काम अप्ठ्यारो छ भनिराख्थ्यो । होली आसपास घर फर्किने कुरा गर्थ्यो । ऊ आउने खबरले हामी खुसी भएका थियौं । तर दुई दिन नबित्दै अर्कै खबर पो आयो,' वीरेन्द्रले सुनाए । सुनीलको मृत्यु भएको खबर सँगै काम गर्ने शुभनारायण मण्डलले परिवारलाई दिएका थिए ।

सुनीलको शव ल्याउन वीरेन्द्रले कैयौं पटक काठमाडौं धाइसकेका छन् । शोकमा डुबेको यो परिवारलाई काठमाडौं आउजाउ गर्दा ऋणको भार बढिरहेको छ । 'काठमाडौंमा कति पटक गएँ–गएँ, कुनै गन्ती छैन,' वीरेन्द्र भन्छन्, 'एक पटक जाँदा १०/१२ हजार रुपैयाँ कर्जा थपिन्छ । हामी गरिब छौं । जेथाजमिन छैन ।'

शव चिनिएन, डीएनएको रिपोर्ट मागियो बुन्यान कम्पनीमा आगलागी हुँदा सुनीलसहित तीन जनाको जलेर मृत्यु भएको थियो । कुनै शवको पहिचान भएन । ५ अप्रिल २०२४ मा बुन्यान कम्पनीले नेपाली दूतावासलाई पठाएको पत्रअनुसार उद्योगमा कसरी आगलागी भयो भन्ने तथ्य खुलेको छैन । साउदीबाट नेपालमा शव पठाउन तीन वटा कागजात चाहिन्छ– प्रहरी रिपोर्ट, मृत्यु प्रमाणपत्र र मेडिकल रिपोर्ट ।

मृत्यु भएका तीन जनामध्ये अरू बंगलादेशी र चिनियाँ थिए । सनाखत हुन नसकेका कारण डीएनए परीक्षण नगरी शव पठाउने निर्णय नै भएन । डीएनएबाट शव पहिचान नभएसम्म प्रहरी रिपोर्ट बन्दैन । अहिलेसम्म डीएनए पहिचान प्रक्रियामै समय गुज्रिरहेको छ ।

जबसम्म साउदीले डीएनएको नमुना चाहिन्छ भनेर आधिकारिक पत्र पठाउँदैन, तबसम्म परिवारबाट नमुना लिने कुरै भएन । सुनीलको मृत्यु भएको आधिकारिक पत्र पाउन नै रियादस्थित नेपाली दूतावासलाई आठ महिना लाग्यो । त्यस अगाडि दूतावासले कम्पनी र प्रहरी निकायसँग हप्ता र महिनाको फरकमा पटक–पटक 'अपडेट' लिइरहेको थियो । कम्पनीले प्रहरीबाट कुनै रिपोर्ट नआएको जानकारी दिन्थ्यो ।

२५ नोभेम्बर २०२४ (१० मंसिर २०८१) मा साउदीको विदेश मन्त्रालयले नेपाली दूतावासलाई 'अति जरुरी' भन्दै पत्र पठायो । 'साउदीभित्र मृतक सुनीलको कोही पनि नजिकको पारिवारिक सदस्य भेटिएन । आगलागी घटनापछि फेला परेको शवको अवशेषको पारिवारिक पहिचान निर्धारण गर्न डीएनए परीक्षणका लागि नमुना लिन आवश्यक छ । आपराधिक प्रमाण विभागबाट टोली नेपाल पठाई उनका आफन्तबाट डीएनएको नमुना संकलन गर्नुपर्ने विषय जनाइएको छ,' पत्रमा भनिएको थियो, 'मन्त्रालयलाई सम्बन्धित निकायबाट प्राप्त जानकारीअनुसार नेपालका सम्बन्धित निकायमार्फत सुनीलका अभिभावक वा सन्तानको जेनेटिक प्रोफाइल रियादस्थित नेपाली दूतावासमार्फत पठाए पनि हुने जानकारी प्राप्त भएको छ ।'

साउदीले आफ्नो टोली नेपाल पठाउनुभन्दा नेपालबाटै डीएनएको नमुना पठाउने विकल्पमा जोड दिएको थियो । पत्र प्राप्त हुनासाथ नेपाली दूतावासले त्रिपुरेश्वरस्थित कन्सुलर सेवा विभागलाई सुनीलको शव सजिलै सनाखत हुने अवस्था नभएको भन्दै पत्र पठाएको थियो ।

'सुनीलको शव नेपाल फिर्ता गर्नका लागि एकाघर परिवारको सदस्यसँग डीएनए परीक्षण गर्नुपर्ने भएको छ,' पत्रमा भनिएको थियो । कन्सुलर विभागले वडाध्यक्ष शम्भु साहमार्फत वीरेन्द्रलाई काठमाडौं बोलायो । कन्सुलरले डीएनए परीक्षणको लागि प्रहरी मुख्यालयलाई लेखेको पत्र बोकेर उनी नक्साल पुगे । त्यहाँबाट प्रहरी मुख्यालयले महाराजगन्जस्थित प्रहरी विभागलाई अर्को पत्र लेख्यो । त्यो पत्र बोकेर वीरेन्द्र महाराजगन्ज पुगे ।

त्यहाँबाट फेरि टिचिङ अस्पताललाई पत्र लेखिदिए । त्यसपछि बल्ल उनले टिचिङमा गएर रगतको नमुना दिए अनि घर फर्किए । 'मलाई धेरै गाह्रो भयो । कहिले कता जानुपर्ने ? कहिले कता,' वीरेन्द्रले सुनाए, 'ठाउँ नचिन्ने । गाउँमा बसेको मान्छेलाई सहरका ठूल्ठूला कार्यालय खोज्दा धेरै हैरानी पाएँ ।' टिचिङले परीक्षण गरेको डीएनएको रिपोर्ट प्रहरी मुख्यालय हुँदै कन्सुलर विभाग पठाइदियो ।

बुबासँग ५० प्रतिशत मिल्यो, फेरि आमाको नमुना संकलन डीएनए परीक्षणको रिपोर्ट साउदीस्थित नेपाली दूतावासले १ फेब्रुअरी २०२५ मा पायो । त्यो डीएनए रिपोर्ट बोकेर दूतावासले सिधै करिब ९० किलोमिटर टाढा रहेको अल–खार्जस्थित दिलाम प्रहरी चौकीमा पेस गर्न सक्ने अवस्था बनेन । दूतावासले रियादमै रहेको विदेश मन्त्रालयलाई बुझायो । त्यो पत्र त्यहाँबाट आन्तरिक मन्त्रालय, प्रहरी मुख्यालय, आपराधिक प्रमाण विभाग हुँदै दिलाम प्रहरी चौकीमा पुग्नुपर्थ्यो ।

'डीएनए रिपोर्ट पुग्यो कि पुगेन भनेर हामीले दिलाम प्रहरीमा बुझ्न थाल्यौं । दिलामले जहिले पनि आइपुगेको छैन भनेर जवाफ दिन्थ्यो,' श्रम काउन्सिलर कविराज उप्रेती भन्छन्, 'फेरि शून्य (विदेश मन्त्रालय) बाट फलो गर्न थाल्यौं ।' विदेश मन्त्रालयमा डीएनए रिपोर्ट बुझाएको ११ महिनापछि (२८ डिसेम्बर २०२५) दिलाम प्रहरी चौकीले नेपाली दूतावासलाई भन्यो, 'सुनीलको बुबासँग डीएनए म्याच गर्दा ५० प्रतिशत मात्रै मिल्यो । अब आमाको डीएनए रिपोर्ट चाहिन्छ ।'

सामान्यतया डीएनएको नमुना आमाबाट लिने गरिन्छ । तर कन्सुलर विभाग वा टिचिङ अस्पतालमा यो प्राविधिक विषयमा ध्यान पुगेन । फेरि आमाको डीएनए रिपोर्ट ल्याउन समय लाग्ने र निकै लम्बेतान प्रक्रिया भएकाले दूतावासले गत ३ फेब्रुअरीमा पत्र लेख्दै साउदीको विदेश मन्त्रालयलाई भन्यो, 'यस्तो गर्न सकिँदैन । यसैबाट पत्ता लगाएर शव पठाइदिन अनुरोध गरिन्छ ।'

प्रहरी रिपोर्ट नबनेसम्म शव पठाउन सकिँदैन, पीडित परिवारलाई साउदीको सामाजिक सुरक्षा बिमा (गोसी) र नेपालको वैदेशिक रोजगार बोर्ड, बिमाबाट पनि क्षतिपूर्ति रकम पनि पाइँदैन । निकै लामो समय भएकाले शवलाई साउदीमै अन्त्येष्टि गर्ने सोचमा परिवार पनि पुगेको थियो ।

गत १७ फेब्रुअरीमा दूतावासले पीडित परिवार र वडाध्यक्ष शम्भु साहसँग शव ल्याउने कि नल्याउने भन्ने विषयमा भर्चुअल बैठक गर्‍यो । त्यसमा पीडित परिवारले शव नै चाहिने बताए । लगत्तै सोमशिला डीएनए परीक्षणका लागि नमुना दिन काठमाडौं आइन् । 'सोमशिलाको नमुना दिएर फर्केको एक महिना भयो,' वीरेन्द्र भन्छन्, 'अब त मिल्छ होला ।'

पछिल्लो परीक्षणको रिपोर्ट दूतावास पुगेको छैन । दूतावासले रिपोर्ट पाएपछि फेरि प्रक्रिया शून्यबाटै सुरु हुन्छ । अर्थात् दूतावास–विदेश मन्त्रालय–आन्तरिक मन्त्रालय–प्रहरी मुख्यालय–फरेन्सिक विभाग हुँदै दिलाम प्रहरी स्टेसन पुग्नुपर्छ । यो रिपोर्ट दिलाम प्रहरी स्टेसनसम्म पुग्न कति समय लाग्छ ? पहिलेजस्तै एक वर्ष वा त्योभन्दा कम ? यसको जवाफ कसैसँग छैन । 'छोरा पनि गुमायौं । शव आउने पनि अत्तोपत्तो छैन,' आँखाभरि आँसु पारेर सोमशिलाले भनिन्, 'राहत पाए पनि चित्त बुझाउने ठाउँ हुन्थ्यो होला ।'

क्षतिपूर्ति कहिले आउँछ ? साउदीको श्रम कानुनअनुसार रोजगारदाताले श्रमिकलाई अनिवार्य रूपमा सामाजिक सुरक्षा बिमा (गोसी) मा आबद्ध गराउनुपर्छ । यसरी आबद्ध भएका श्रमिकको प्रत्येक महिनाको तलबबाट दुई प्रतिशतले हुने रकम सामाजिक सुरक्षा बिमाबापत कट्टा गरिएको हुन्छ ।

मृत्यु भएका श्रमिकको परिवारका हकवालाले गोसीमार्फत ८४ महिना बराबरको तलब वा बढीमा ३ लाख ३० हजार साउदी रियाल प्राप्त गर्ने व्यवस्था छ । त्यस्तो रकम मृतकको हकवाला एक जना मात्र भए ५० प्रतिशत मात्र, दुई जना भए ७५ प्रतिशत मात्र र तीन जना वा सोभन्दा बढी भए सय प्रतिशत रकम दामासाहीले उनीहरूको बैंक खातामा सोझै भुक्तानी गर्नुपर्छ । हकवालामा भने मृतकको पत्नी वा पति, छोरा, अविवाहित छोरी, बुबाआमा, हजुरबुबा–हजुरआमा, दाजुभाइ, अविवाहित दिदीबहिनी, नाति तथा अविवाहित नातिनी पर्छन् ।

यस्तो क्षतिपूर्ति कार्यस्थलमै ज्यान गुमाएका श्रमिकका परिवारलाई मात्रै दिइन्छ । तर गोसीसमक्ष मृतक श्रमिकका तर्फबाट पेस गर्नुपर्ने पूरा कागजात नहुँदा दुई दशकदेखि मृत्यु भएका पीडित परिवारले क्षतिपूर्ति पाएका छैनन् । सुनील साहको दर्ता गोसीमा भएको देखिए र आवश्यक सबै कागजात पूरा भए मात्रै गोसीमा क्षतिपूर्ति दाबी गर्न सकिने स्थिति हुन्छ । गोसीबाहेक क्षतिपूर्तिका लागि 'ब्लडमनी' रकम दिने व्यवस्था पनि छ ।

गोसीबापत रकम हकवालाका तर्फबाट पूरा कागजात पेस गरेपछि पाइन्छ । ब्लडमनीका लागि भने दूतावासले अदालतमा मुद्दा लड्नुपर्छ । झन्झटिलो र लामो प्रक्रियाका कारण साउदीमा मृत्यु भएका कामदारका परिवारले क्षतिपूर्तिका लागि वर्षौं संघर्ष गर्नुपर्ने अवस्था छ । वैदेशिक रोजगार बोर्डका कार्यकारी निर्देशक द्वारिका उप्रेतीका अनुसार साउदी अरबमा पछिल्ला तीन वर्षमा १ हजार १९ जनाको शव नेपाल आइपुगेको छ ।

शव पठाउन लाग्ने सबै खर्च रोजगारदाताले नै बेहोर्ने गरेको छ । 'जुन शव अलपत्र हुन्छ, खर्चको अभावमा नेपाल ल्याउन सकिएको छैन, त्यसमा मात्रै बोर्डले खर्च बेहोर्ने गर्छ,' उप्रेतीले भने । कुवेतबाट ९ शव ल्याइयो खाडी युद्धका कारण कुवेतमा रोकिएका ९ शव बुधबार ल्याइएका छन् । नेपाली श्रमिकका शव कुवेत एयरवेजको चार्टर विमानमा ल्याइएका हुन् ।

वैदेशिक रोजगार बोर्डका अनुसार सिरहाका रमेशकुमार मोची, दाङका खुसीराम चौधरी, सिन्धुपाल्चोकका सम्झना गोले, उदयपुरकी कोपिला धामी, खोटाङका वसन्त राई, सुर्खेतकी यमुना सुनार, सल्यानका कृष्णराम्जा बुढा, सिन्धुलीकी मञ्जु मोक्तान पाखिन र कास्कीका रमेश नेपालीको शव ल्याइएको छ । उनीहरूको शवलाई भैरहवास्थित गौतमबुद्ध विमानस्थलदेखि घरसम्म लैजाने प्रबन्ध गरिएको बोर्डका कार्यकारी निर्देशक द्वारिका उप्रेतीले जानकारी दिए । अमेरिका–इजरायलले गत १६ फागुनमा इरानमा आक्रमण गरेपछि इरानले अमेरिकी सैन्य क्याम्प रहेका कुवेत, बहराइन, साउदी अरब, कतार र ओमानमा शृंखलाबद्ध आक्रमण गरेको थियो । त्यही कारण कुवेतको विमानस्थल सञ्चालनमा थिएन ।–कान्तिपुर अनलाइन

# बर्दिवास उद्योग वाणिज्य संघ निर्वाचन : श्रेष्ठ प्यानलको बजार क्षेत्रलाई सीसीटीभी युक्त बनाउँदै सुरक्षित र उज्यालो बर्दिबास निर्माण गर्ने प्रतिवद्धता

**खबर दर्पण समाचारदाता**

**चैत्र २० गते, बर्दिवास**

उद्योग तथा व्यवसायीहरूको हकहित संरक्षण र क्षेत्रीय आर्थिक गतिविधि सुदृढ गर्ने उद्देश्यसहित बर्दिवास उद्योग बाणिज्य संघको उत्तम श्रेष्ठ प्यानलले १५ बुँदे प्रतिबद्धता सार्वजनिक गरेको छ । यही २४ गते हुने निर्वाचनको लागि श्रेष्ठ प्यानलले संघको नेतृत्व गर्ने लक्ष्यसहित सार्वजनिक गरिएको उक्त एजेन्डामा वित्तीय पहुँचदेखि पर्यटन प्रवर्द्धनसम्मका विषय समेटिएका छन् ।

प्यानलले बैंक तथा वित्तीय संस्थाहरूसँग समन्वय गरी उद्योगी-व्यवसायीहरूका लागि सहज र सहुलियतपूर्ण कर्जा प्रवाह सुनिश्चित गर्ने उल्लेख गरेको छ । साथै, वर्तमान आर्थिक संकटका कारण व्यवसायबाट पलायन हुने अवस्था रोक्न राहत तथा संरक्षणका विशेष कार्यक्रम ल्याउने प्रतिबद्धता जनाएको छ ।

त्यसैगरी, संघका सम्पूर्ण गतिविधिलाई प्रविधिमैत्री बनाउँदै 'डिजिटल पहुँच' विस्तार गर्ने, समयमै नवीकरण गर्ने सदस्यहरूका लागि गम्भीर रोग, दुर्घटना तथा मृत्यु जोखिम समेट्ने विशेष बीमा सुविधा उपलब्ध गराउने योजना पनि अघि सारिएको छ ।

बर्दिबासलाई मधेश प्रदेशकै वृहत् कृषि सङ्कलन केन्द्रका रूपमा विकास गर्ने र अटो व्यवसायीका लागि व्यवस्थित 'अटो ल्यान्ड' निर्माण गर्ने योजना पनि प्राथमिकतामा राखिएको छ। बजार क्षेत्रलाई 'सीसीटीभी' युक्त बनाउँदै 'उज्यालो बर्दिबास' अभियान सञ्चालन गरी सुरक्षित व्यापारिक वातावरण निर्माण गर्ने लक्ष्य प्यानलले लिएको छ।

घरधनी र व्यवसायीबीच सुमधुर सम्बन्ध कायम गर्दै भाडासम्बन्धी समस्याहरू आपसी समझदारीमा समाधान गर्ने, स्थानीय उत्पादनको प्रवर्द्धनका लागि स्थायी प्रदर्शनी स्थल निर्माण गर्ने तथा 'रात्रिकालीन बजार' सञ्चालन गर्ने योजना पनि समेटिएको छ।

युवा लक्षित स्वरोजगार कार्यक्रमअन्तर्गत सीपमूलक तालिम प्रदान गर्ने, स्टार्टअप व्यवसायलाई प्रोत्साहन गर्ने तथा परम्परागत सीपलाई व्यवसायीकरण गर्ने विषयलाई पनि प्राथमिकता दिइएको छ। साथै, धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण गर्दै कृषि पर्यटनमार्फत बर्दिबासलाई समृद्धिको आधार बनाउने लक्ष्य राखिएको छ।

व्यवसायीहरूलाई आवश्यक कानुनी परामर्श उपलब्ध गराउने र औद्योगिक ग्राम निर्माणका लागि पहल गर्ने, तीनै तहका सरकार सँग समन्वय गरी नीतिगत तहमा समस्या समाधान गराउने प्रतिबद्धता पनि जनाइएको छ ।

प्यानलले स्थानीय मिडियासँग सहकार्य सुदृढ गर्दै व्यावसायिक सूचना प्रवर्द्धन गर्ने तथा सम्पूर्ण उद्योगी-व्यवसायीलाई एउटै छाताभित्र गोलबद्ध गरी एकता कायम गर्ने लक्ष्य लिएको छ।

त्यस्तै, आगामी तीन वर्षभित्र व्यवसायीहरूको हकहितका लागि 'व्यवसायी कल्याणकारी अक्षयकोष' स्थापना गर्ने महत्वपूर्ण योजना पनि सार्वजनिक गरिएको छ।




**यस्तो छ प्रतिवद्धताहरु**


१. वित्तीय पहुँच र सुलभ कर्जा: बैंक तथा वित्तीय संस्थाहरूसँग विशेष समन्वय गरी उद्योगी व्यवसायीहरूका लागि सहज र सहुलियतपूर्ण कर्जा प्रवाहको ठोस व्यवस्था मिलाउन।

२. व्यावसायिक पलायनता रोकथाम: वर्तमान आर्थिक संकटबाट प्रभावित व्यवसायीहरूलाई पलायन हुनबाट जोगाउन विशेष र हत योजना र संरक्षणका कदमहरू चाल्न।

३. प्रविधिमैत्री डिजिटल संघ: संघका सम्पूर्ण गतिविधि डिजिटल प्रविधि बाट व्यावसायिका घर पसलमा पुर्याउन र आधुनिक व्यावसायिक प्रवर्द्धनका लागि 'डिजिटल पहुँच' सुनिश्चित गर्न।

४. सदस्य सुरक्षा र बीमा: समयमै नवीकरण गर्ने सदस्यहरूका लागि गम्भीर रोग, दुर्घटना र मृत्यु जोखिम समेट्ने गरी 'विशेष बीमा सुविधा' उपलब्ध गराउन।

*बाँकी पृष्ठ ३ मा*







खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,